जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक ७० २०७८ साल असोज २० गते बुधबार (6 Oct. 2021 Wednesday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

जनस्वास्थ्य सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गरौं

- अत्यावश्यक काम बाहेक अन्तर्राष्ट्रिय सीमा, सीमावर्ती क्षेत्र, अन्तरजिल्ला र जिल्ला भित्रका कोभिड -१९ संक्रमणको उच्च जोखिम भएको क्षेत्रमा आवातजावत नगरौं ।
- अत्यावश्यकीय कामका लागि त्यस्ता क्षेत्रहरुमा आवतजावत गर्दा अनिवार्य रुपमा मास्क लगाऔं ।
- अनावश्यक भिडभाड नगरौं, भौतिक दूरी कायम गरौं ।
- कोभिड-१९ रोकथामको लागि सरकारले जारी गरेको स्वास्थ्य मापदण्ड पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : चालक अनुमतिपत्रः संघ र ... ३ पृष्ठमा : सनम हत्या र ३३ किलो सुन ... ३ पृष्ठमासयभन्दा बढी सङ्गीतकार ...

# प्रदेश २ मा १९ लाख जनतालाई कोरोना विरुद्धको खोप



**दैनिक समाचारदाता**
**राजविराज, १९ असोज ।**

प्रदेश २ का समाजिक विकास मन्त्री नवलकिशोर साहले मंगलवारदेखी पूर्ण मास्क प्रयोग सुनिश्चिता कार्यक्रमको शुभारम्भ गरेका छन् ।

दशै, तिहार छठ लगायतका पर्वलाई मध्यनजर गर्दै चाड पर्वमा हुन सक्ने भिडभाडमा कोरोना संक्रमणको जोखिमलाई ध्यानमा राख्दै मंगलबारदेखी सो कार्यक्रम प्रदेश २ को ८ वटै जिल्लामा शुभारम्भ गरिएको हो ।

राजविराजस्थित गजेन्द्रचोकमा आयोजित एक कार्यक्रमबीच मन्त्री साहले कार्यक्रमको शुभारम्भ गर्दै सबैलाई आनिवार्य रुपमा मास्क लगाएर मात्र बाहिर निस्कन आग्रह गरेका छन् ।

उनले सेवाग्राहीको बढी भिडभाड हुने मालपोत कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय लगायतका कार्यालयमा मास्क उपलब्ध गराइने जानकारी दिए ।

जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवलाई मास्क उपलब्ध गराउन निर्देशन दिँदै ती कार्यालयहरुमा जतिसुकै मास्क उपलब्ध गराउन आफु तयार रहेको बताए ।

कार्यक्रममा प्रदेश २ का स्वास्थ्य निर्देशनालयका निर्देशक विजय झाले प्रदेश २ मा हाल सम्म १९ लाख जनतालाई कोरोना विरुद्धको खोप लगाईसकेको जानकारी दिए ।

उनले प्रदेशमा ४२ लाखलाई लगाउन बाँकी रहेको तथ्याङ्क प्रस्तुत गर्दै जनस्वास्थको मापदण्ड पालना गराउनका साथ साथै प्रदेशका सम्पुर्ण जनतालाई छिट्टै खोप लगाउनका लागी आफुहरु प्रयासरत रहेको बताए ।

जिल्ला स्वास्थ कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादव, उपप्रमुख साधना झा, कंचनरुप नगरपालिकाकी उपप्रमुख निरु पोखरेल, प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, नागरिक समाजका अध्यक्ष थान सिह भन्साली लगायतले कोरोनाको जोखिम कायमै रहेकाले मास्क, सेनिटाईजरको अनिर्वाय प्रयोग र समाजिक दुरी कायम गरी चाडपर्वमा सहभागी हुन अपिल समेत गरे ।

# लोसपाले आज बस्ने प्रदेश सभा बैठकमा मुख्यमन्त्रीको राजीनामा माग्ने

**दैनिक समाचारदाता**
**जनकपुरधाम, १९ असोज ।**

प्रदेश २ को प्रमुख प्रतिपक्षी लोकतान्त्रिक समाजवादी पार्टी नेपालको संसदीय दलको बैठकले मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीको राजीनामा माग्ने तयारी गरेको छ ।

लोसपा संसदीय दलको सोमबार बसेको बैठकले भ्रष्टाचार आरोप लागेका मुख्यमन्त्री राउतको राजीनामा माग्ने निर्णय गरेको हो ।

असोज २० गते बस्ने प्रदेश २ को प्रदेशसभा बैठक अवरुद्ध गरी मुख्यमन्त्रीलाई नैतिकताका अधारमा राजीनामा माग्ने बैठकले निर्णय गरेको हो ।

मुख्यमन्त्री कार्यालयमा 'मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ' अभियानअन्तर्गत अनियमितता भएको भन्दै गत बुधबार अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिबासको कार्यालयले उजुरीको आधारमा मुख्यमन्त्रीको कार्यालयमा छापा मारेको थियो ।

# काँग्रेस ८, माओवादी ५, एस र जसपा चार/चार मन्त्रालय पाउने सहमति

**दैनिक समाचारदाता**
**राजविराज, १९ असोज ।**

चार दलका शीर्ष नेताहरुबीच मंगलबार भएको छलफलबाट सरकारमा सहभागि हुन मन्त्रालयको बाडफाड गरिएको छ ।

शीर्ष नेताहरुबीच भएको छलफल अनुसार सरकारको नेतृत्व गरिरहेको नेपाली कांग्रेसले कुल ८ वटा मन्त्रालय पाउने भएको छ । अहिले गृह, परराष्ट्र र कानून मन्त्रालय लिइसकेको उसले अब सञ्चारसहित पाँचवटा मन्त्रालय लिनेछ । कांग्रेसले पाउने सबै

*बाँकी दुई पृष्ठमा*


# प्रदेश २ लोकसेवा आयोगले वार्षिक प्रतिवेदन बुझायो

धनुषा, १९ असोज (रासस) ।

प्रदेश नं २ लोकसेवा आयोगले आफ्नो दोस्रो वार्षिक प्रतिवेदन बुझाएको छ । प्रदेश नं २ लोकसेवा आयोगका अध्यक्ष सुरेन्द्रप्रसाद यादवले प्रदेश प्रमुख हरिशङ्कर मिश्रलाई उक्त प्रतिवेदन बुझाउनुभएको हो ।

गत वर्ष बढुवा, अन्तर सेवा, खुला र समावेशी गरी कूल २७२ पदका लागि विज्ञापन खुलाएको थियो । बढुवातर्फ ११३, अन्तरसेवातर्फ १४, खुलातर्फ ९५ र समावेशी समूहतर्फ ५० पदका लागि विज्ञापन खुला गरेको आयोगको प्रतिवेदनमा उल्लेख छ । आयोगले कर्मचारीको अभाव भए पनि गत वर्ष विभिन्न सेवा र तहका लागि ८५ पाठ्यक्रम निर्माण गरेको आयोगका अध्यक्ष यादवले जानकारी दिनुभयो । उहाँले आयोगमा प्रदेश सरकारबाट २१ जनाको अस्थायी दरबन्दी रहेकामा हाल काजमा ६ तथा करारका पाँच कर्मचारीले मात्र कार्यसम्पादन गरिरहेको बताउनुभयो ।

सो अवधिमा ८५ पाठ्यक्रमको निर्माण गरिएको अध्यक्ष यादवले बताउनुभयो । आयोगले गत वर्ष फागुन २२ र २९ गते खुला गरेको अधिकृत सातौँ तह इञ्जिनीयरिङ सेवातर्फको परीक्षाका लागि दुई हजार ३४८ जनाले फारम भरेकामा एक हजार ९६ जना परीक्षामा सहभागी भएको सो प्रतिवेदनमा उल्लेख छ ।



# गृह मन्त्रालयद्वारा प्रदेशगत अनुगमन टोली गठन

काठमाडौँ, १९ असोज (रासस) । गृह मन्त्रालयले चाडपर्वका समयमा बजार अनुगमनलाई प्रभावकारी बनाउन सहसचिवको नेतृत्वमा प्रदेशगत अनुगमन टोली गठन गरेको छ ।

मन्त्रालयले चाडपर्वका समयमा अनुगमनलाई थप प्रभावकारी बनाइ सुरक्षा, आपूर्ति, बजार व्यवस्थापन, यातायातलगायत सेवालाई सुलभ तथा गुणस्तरीय बनाउने उद्देश्यले सातै प्रदेशमा अनुगमन गरी तत्काल देखिएका समस्या समाधानका गर्न सो टोली गठन गरेको हो ।

मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेल दसैँ, तिहार, छठ आदि चाडपर्व नजिकिँदै गएका सन्दर्भमा सुरक्षा, यातायात, आपूर्ति तथा बजार व्यवस्थापनलगायत सेवालाई शुलभ, गुणस्तरीय प्रभावकारी बनउनका लागि सम्बन्धिक निकायद्वारा देशभर अनुगमन भइरहेको बताउनुभयो । उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३२ तथा उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम १८ बमोजिम वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट अधिकार प्रत्यायोजन गरी सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा बजार अनुगमन भइरहेको मन्त्रालयले जनाएको छ ।

### काँग्रेस ८, माओवादी ५,...

मन्त्रालय टुंगो लागेपछि मन्त्रीबारे बुधबार आफ्नो दलमा छलफल गर्ने भएको छ ।

यस्तै अर्थ र उर्जा मन्त्रालय लिइसकेको माओवादी केन्द्रको भागमा कुल ५ वटा मन्त्रालय परेको छ । मन्त्रीहरुको टुंगो लगाउन माओवादीले बुधबार स्थायी कमिटी बैठक बोलाएको छ ।

एकीकृत समाजवादी र जनता समाजवादी पार्टीले भने समान चार/चार मन्त्रालय पाउनेछन् । एकीकृत समाजवादीले बिहीबार सपथ अघि मात्र मन्त्रीहरुको टुंगो लगाउने बताएको छ । यद्यपि एकीकृत समाजवादी प्रतिनिधिसभा सदस्य विरोध खतिवडाको नेतृत्वमा जाने सम्भावना छ ।

जसपाले भौतिक पूर्वाधार, संघीय मामिला तथा सामान्य प्रशासन, वन र कृषि तथा पशुपंक्षी मन्त्रालय पाएको छ । जसपाले मन्त्रीहरुको नाम टुंगो लगाउन बुधबार कार्यकारिणी समितिको बैठक बोलाएको छ ।

बिहीबार घटस्थापनाको दिन मन्त्रिपरिषद् विस्तार गर्ने प्रधानमन्त्री शेरबहादुर देउवाको तयारी छ । असार २९ गते मा प्रधानमन्त्री बनेका देउवाले दुई पटक मन्त्रिपरिषद् विस्तार गरेका छन् । उनले पाँच मन्त्री र एक राज्यमन्त्रीको भरमा सरकार चलाउँदै आएका छन् ।

यस्तै सत्तारुढ दलहरुबीच राज्यमन्त्री र उपसभामुख पद पनि भागबण्डा भएको छ । कांग्रेस, माओवादी केन्द्र र एकीकृत समाजवादीले एक-एक राज्यमन्त्री लिनेछन् भने जसपाले उपसभामुख पाउने लगभग सहमति भएको छ ।

# चालक अनुमतिपत्रः संघ र प्रदेशको आ-आफ्नै नियम

काठमाडौँ, १९ असोज (रासस) । यातायात व्यवस्था विभागले केही समय पहिले प्रयोगात्मक परीक्षामा ७० प्रतिशत ल्याउनेलाई उत्तीर्ण गरिने गरी परीक्षासम्बन्धी कार्याविधि जारी गरेको थियो । प्रदेश कार्यालयले भने सतप्रतिशत नै ल्याउनेलाई मात्रै सो परीक्षामा उत्तीर्ण गराइरहेको छ ।

सङ्घीय ऐनमा पाँचपाँच वर्षमा चालक अनुमतिपत्र नवीरकणको व्यवस्था छ । वाग्मती प्रदेश सरकारले बनाएको ऐनमा भने १०/१० वर्षमा नवीरकरण गर्ने व्यवस्था छ । यसैगरी विदेशमा बनाइएका 'स्मार्ट' चालक अनुमतिपत्रका आधारमा नेपाली चालक अनुमतिपत्र दिइने व्यवस्था सङ्घीय ऐनमा छ ।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा नेपालीकरणको व्यवस्था भए पनि प्रदेश अन्तर्गतका यातायात व्यवस्था कार्यालयले सोभै अनुमतिपत्र दिन मानेका छैनन् । प्रयोगात्मक परीक्षा (ट्रायल) पास गरेपछि मात्रै अनुमतिपत्र दिन सकिने कार्यालयले जनाउँदै आएका छन् ।

चालक अनुमतिपत्र नेपालीकरण, परीक्षा प्रणाली र नवीकरण उदाहरण मात्रै हुन । नयाँ संविधान जारी भएपछि यातायात क्षेत्र खासगरी चालक अनुमतिपत्रमा सङ्घ र प्रदेशबीच कार्यक्षेत्रमा अन्यौलता देखिएको छ । सङ्घले एकाथरी निर्णय गर्दा वा सङ्घीय ऐनमा एकाथरीको व्यवस्था हुँदा प्रदेशले अर्कै किसिमको ऐन बनाएको छ । यातायात प्रदेश सरकारको एकल अधिकार जनाउँदै सङ्घीय सरकारको ऐन, कानून, निर्णय नमान्ने गरेको पाइएको छ ।

अनुमतिपत्रमा देखिएका समस्या प्रदेश सरकार आफैँ पनि समाधान नगर्ने र सङ्घीय सरकारको निर्णय पनि नमान्दा समस्या आइरहेको विभागका महानिर्देशक नमराज घिमिरेले बताउनुभयो । अहिले अनुमतिपत्र छपाइ र सफ्टवेयर बाहेक बाँकी सबै जिम्मेवारी प्रदेश सरकारको हो । सफ्टवेयरमा समस्या आउदा सुधारका लागि विभाग तयार रहेको उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "प्रदेश आफैँले निर्णय नगरेसम्म हामीले सच्याउन सक्दैनौँ ।"

सङ्घीय ऐनसँग प्रदेश ऐन बाँभिएकाले पनि पटकपटक समस्या आइरहेको छ । सङ्घीय सरकारले संविधानअनुसार ऐन बनाउन बाँकी छ भने कतिपय प्रदेशले ऐन बनाएर लागू गरिकसकेका छन् । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा विधेयक छलफलका क्रममा रहेको छ । प्रदेशले बनाएको कानून बाभिँदा कसरी कार्यान्वयन गर्ने भनी समस्या देखिन थालेको उहाँले बताउनुभयो ।

प्रदेशले एकल अधिकारको सूचीमा भएकाले सङ्घीय कानूनको बेवास्ता गरेर ऐन बनाए पनि कार्यान्वयन सजिलो नभएको उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "यातायातका धेरै विषय अन्तर प्रदेश जोडिने भएकाले कार्यान्वयन सजिलो छैन ।" कानूनकै विषयमा कतिपय अस्पष्टता रहेको र कतिपय विषय कार्यान्वयन सजिलो नभएको महानिर्देशक घिमिरेले बताउनुभयो ।

प्रदेशभित्र चल्ने सवारीसाधनको भाडादर निर्धारणको जिम्मेवारी प्रदेश सरकारको हो भने अन्तर प्रदेश चल्ने सवारीसाधनमा भाडादर निर्धारणको जिम्मेवारी सङ्घीय सरकारको हो । कतिपय प्रदेशबीचको दूरी १५ मिनेट मात्रै भएको र प्रदेश प्रदेशबीच फरक-फरक भाडादर कायम हुँदा कार्यान्वयन अप्ठेरो हुनसक्ने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "नयाँ बन्ने सङ्घीय ऐनमा पनि यी कुरा समेट्न खाँचो छ ।"लामो समयदेखि अनुमतिपत्र नेपालीकरण रोकिएकाले सेवाग्राही हैरान छन् ।

पहिले एकान्तकुनास्थित यातायात व्यवस्था कार्यालयले नेपालीकरण गर्दा कतिपय कागजात नक्कली भएकाले कर्मचारी कारवाहीमा परेका थिए । त्यसयता अरु यातायात कार्यालयले पनि नेपालीकरण गर्न मानेका छैनन् । गलत काम गर्ने व्यक्ति कारवाहीमा परेपनि ऐनमा भएको व्यवस्था नै कार्यान्वयन गर्दिन भन्न नमिल्ने महानिर्देशक घिमिरेले बताउनुभयो । उहाँले भन्नुभयो, "दूतावासबाट सिफारिस ल्याउनु भन्न सकिएला तर कार्यान्वयन नै गर्दिन भन्न मिल्दैन ।"

सङ्घीयताको कार्यान्वयनसँगै यातायात क्षेत्रमा अधिकार क्षेत्रको विवाद देखिन थालेको हो । पहिले सङ्घीय सरकारअन्तर्गत रहेका कार्यालय प्रदेशअन्तर्गत हस्तान्तरण भए पनि कार्यान्वयनमा भने समस्या देखिएको छ । कानून निर्माणदेखि कार्यान्वनसम्ममा दुवै सरकारबीच समन्वय आवश्यक भए पनि आ-आफ्नो तरिकाले चल्दा यसका मारमा सेवाग्राही परिरहेका छन् ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी

Dr. Ranjana Giri

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

Infertility Specialist (Consultant IVF)

NMC No. : 10635

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569



# सनम हत्या र ३३ किलो सुन काण्डमा संलग्न रहेका गोरेसहित ६ जनालाई जन्मकैदको फैसला

मोरङ, १९ असोज (रासस)।

जिल्ला अदालत मोरङले मंगलबार सनम शाक्य हत्याकाण्ड र ३३ किलो सुन प्रकरणमा प्रमुख भूमिकामा रहेका चूडामणि उप्रेती भन्ने गोरेसहित छ जनालाई दोषी ठहर गरी जन्मकैदको फैसला सुनाएको छ।

जिल्ला अदालतका न्यायाधीश भरत लम्सालको इजलासले प्रतिवादीमध्ये मुख्य अभियुक्त मोरङ उर्लाबारीका उप्रेतीसहित छ जनालाई जन्मकैदको फैसला सुनाउनुभएको छ भने अन्य दुईमध्ये एक जनालाई तीन वर्ष र अर्कोलाई छ महिना कैद सजायको फैसला भएको अदालतका स्रेस्तेदार टिकेन्द्रवीरजङ्ग राणाले जानकारी दिनुभयो।

गोरेसहित टेकराज मल्ल ठकुरी, लाक्पा शेर्पा, मोहन काफ्ले, कृष्ण भनिने नरेन्द्र कार्की र भोजे मामा भनिने भोजराज भण्डारीलाई जन्मकैदको फैसला सुनाइएको हो। अदालतले राजन कुमारलाई तीन वर्ष र माधव भनिने मदनप्रसाद घिमिरेलाई छ महिना कैद सजायको फैसला गरेको स्रेस्तेदार राणाले बताउनुभयो। मुद्दाका ७७ जनालाई प्रतिवादी बनाइएकामा ४८ जनाले सफाइ पाएका छन् भने २१ जना फरार रहेकाले मुद्दा मुल्तवीमा राखिएको उहाँले जानकारी दिनुभयो।

जिल्ला अदालत मोरङमा विसं २०७५ वैशाख १९ गते 'आपराधिक समूह स्थापना र सञ्चालन गरी सुन चोरी पैठारी र चोरी निकासीको अवैध कारोबार, अपहरण तथा शरीर बन्धक र कर्तव्य ज्यान' गरेर चारवटा शीर्षकमा मुद्दा दायर भएको थियो।

# ज्येष्ठ नागरिक आवास गृह अलपत्र

सर्लाही, १९ असोज (रासस)।

सर्लाहीको मलङ्गवा नगरपालिका–४ मा निर्माणाधीन ज्येष्ठ नागरिक आवास गृह अलपत्र परेको छ। सङ्घीय सरकारको रु एक करोड २५ लाखको लागत अनुमानमा निर्माण सुरु भएको सो गृह बजेट अभाव, कोरोना महामारी र वर्षाको बाहना बनाउँदै निर्माण कार्य बीचैमा छोडेर निर्माण व्यवसायी सम्पर्कविहीन भएपछि अलपत्र परेको हो।

सङ्घीय सरकारको लगानीमा सहरी विकास तथा भवन कार्यालय जनकपुरको निगरानीमा रुपा कन्स्ट्रक्सन प्रालि जनकपुरले निर्माणका लागि ठेक्का सकारेको थियो। सो १४ कोठे भवन, शौचालय तथा मेस घरसमेत निर्माण गर्ने भनी ठेक्का भएको थियो।

स्थानीय ज्येष्ठ नागरिकहरूलाई धेरै राहत पुग्ने थियो तर समय छ, समय छ भन्दै ठेकेदारले काममा ढिला गरेको स्थानीयवासी शिवशङ्कर यादवले बताउनुभयो। बजेट अभावका कारण निर्माण कार्य सम्पन्न नभएको र नगरपालिकाले पहल गरेर रु ४०/४५ लाख बजेट व्यवस्था गरेको साथै बजेट व्यवस्थापनका लागि पहल भइरहेको मलङ्गवा नगरपालिका–४ का वडाध्यक्ष रवीन्द्र रायले बताउनुभयो।

असार मसान्तसम्ममा काम सक्नुपर्ने भनी ठेक्का लागेको भए पनि सङ्घीय सरकारले आवश्यक बजेटको व्यवस्था नगरेका कारण सो गृहको निर्माण कार्य सम्पन्न नभएको सहरी विकास तथा भवन कार्यालय जनकपुरका डि.इं विनोदकुमार यादवले बताउनुभयो।

भवनको बाहिरी संरचना निर्माण अन्तिम चरणमा भए पनि प्लाष्टर गर्ने काम, झ्याल ढोका लगाउने र वरिपरि पर्खाल लगाउने लगायतका भित्री धेरै काम बाँकी रहेको छ। नजिकै पोखरी रहेको र भवनको वरिपरि पर्खालसमेत निर्माण नहुँदा भवन निर्माण सम्पन्न भए पनि जोखिमपूर्ण रहेको स्थानीयवासी कृष्ण महतोको भनाइ छ।

यता, कोरोना महामारी, वर्षाको समय र बजेटको व्यवस्था नगरेका साथै म्याद थप नगरेका कारण ज्येष्ठ नागरिक आवास गृह समयमै निर्माण सम्पन्न नभएको निर्माण कम्पनीले बताएको छ। यससहित सर्लाहीमा पाँच ज्येष्ठ नागरिक आवास गृहका लागि सङ्घीय सरकारले लगानी गरेको थियो।

त्यसमध्ये केही निर्माणाधीन अवस्थामा छन् भने केही भवनर्षि] हरूको निर्माण कार्य सम्पन्न भइसकेको सहरी विकास तथा भवन कार्यालय जनकपुरले जनाएको छ।

# ९ सय ६८ संक्रमित थपिए


काठमाडौँ, १९ असोज (रासस)।

पछिल्लो २४ घण्टामा ९६८ जनामा सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मंगलबार सार्वजनिक गरेको तथ्याङ्कअनुसार १६ हजार ४२ मा कोरोना परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो। मंगलबार थपिएकासँगै देशभर सक्रिय सङ्क्रमित १६ हजार २४८ पुगेको छ।

पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला आठ र २०० भन्दा बढी सङ्क्रमित भएका जिल्ला १९ छन्। पाँच सयभन्दा बढी सङ्क्रमित हुने जिल्ला मोरङ, सुनसरी, झापा, काठमाडौँ, ललितपुर, भक्तपुर, कास्की र रुपन्देही छन्।

नेपालमा सङ्क्रमणदर १८.८ प्रतिशत छ। पछिल्लो २४ घण्टामा एक हजार ११४ जनाले सङ्क्रमणमुक्त भएका छन्। यससँगै नेपालमा हालसम्म सङ्क्रमणमुक्त हुनेको सङ्ख्या सात लाख ७१ हजार ३३८ छ। नेपालमा

*बाँकी अन्तिम पृष्ठमा*



## विश्व समाचार

### सयभन्दा बढी सङ्गीतकारले अफगानिस्तान छाडे

सिड्नी, १९ असोज (रासस/एएफपी)।

तालिबानले देश कब्जा गरेपछि काबुलबाट १०० भन्दा बढी सङ्गीतका विद्यार्थी र शिक्षकले अफगानिस्तान छाडेका छन्।

अफगानिस्तानको शीर्ष म्यूजिकल इन्स्टिच्युटका १०१ सदस्य सोमबार साँझ दोहा आइपुगेका छन्। उक्त समूहका अहमद सरमस्तले देशको नयाँ तेतृत्वबाट गीत(सङ्गीत क्षेत्रमा दमन हुन सक्ने भयले देश छाडेको जनाएका छन्।

अफगानिस्तान नेशनल इन्स्टिच्युट अफ म्युजिकका संस्थापक सरमास्तले भने, ती महिला र केटीमध्ये लगभग आधा महिला र केटी त्यहाँको सरकारको सहयोगमा पोर्चुगल जाने योजनामा छन्।

काबुलस्थित कतारी दूतावासको सहयोगमा सङ्गीतकारलाई सानो ( सानो समूहमा विभाजित गराएर शहरको विमानस्थलसम्म पुर्याइएको थियो। तालिबानी लडाकुले काबुलमा कब्जा जमाएपछि तालिबानीले विमानस्थलको व्यवस्थापन गरिरहेका थिए। तालिबानीले महिला तथा बालबालिकालाई बाहिर जान अवरोध गरिरहेका थिए तर कतारी अधिकारीले भने त्यसको सहज व्यवस्थापन गरिदिएका थिए।

### अफगानिस्तानका केही विस्थापित घर फर्किन थाले

फाजियाबाद, १९ असोज (रासस/सिन्ह्वा)।

अफगानिस्तानमा तालिबानले सत्ता कब्जा गर्ने क्रममा भएका हिंसाबाट विस्थापित भएका कतिपय नागरिक घर फर्किन थालेका छन्।

यसैक्रममा सोमबार मात्र अफगानिस्तानको उत्तरी शहर बादखसानका करिब ६०० जना विस्थापित नागरिक घर फर्किएको बताइएको छ।

ताजकिस्तानको सीमा क्षेत्रमा ती नागरिक विस्थापित भएर बसेका थिए। पछिल्ला दिनमा उनीहरुको घर गाउँमा अवस्था सामान्य बन्दै गएपछि उनीहरु घर फर्किएको बादखसान प्रान्तका गभर्नर माल्भी अमेनुद्दिन मन्सुरले जानकारी दिएका छन्।

उनका अनुसार अरु पनि सो प्रान्तबाट विस्थापित भएर अफगानिस्तानका विभिन्न भूभागमा पुगेका नागरिकले आफ्नो घर फर्किने तयारी गरिरहेको सूचना प्राप्त भएको छ।

गत महिना भएको सत्ता विद्रोहका क्रममा भएका हिंसाका कारण यहाँका हजारौं नागरिक घर छोडेर भागेका थिए।

### भारतमा कोभिडका १८ हजार ३४६ जना थव सङ्क्रमित

नयाँदिल्ली, १९ असोज (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट थप १८ हजार ३४६ जना सङ्क्रमित भएका छन्। सङ्क्रमितको यो सङ्ख्या छ महिनायताको नै कम भएको केन्द्रीय स्वास्थ्य मन्त्रालयले मङ्गलबार जानकारी दिएको छ।

भारतमा अहिले पनि सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या दुई लाख ५२ हजार ९०२ रहेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ। सक्रिय सङ्क्रमितको यो सङ्ख्या २०१ दिन यताको नै कम हो।

भारतमा पछिल्लो समय दैनिक सङ्क्रमित र सक्रिय सङ्क्रमितको सङ्ख्या कम हुँदै गएको तथ्याङ्कले देखाएको छ। दैनिक सङ्क्रमितको सङ्ख्याभन्दा दैनिक सङ्क्रमणमुक्त हुनेको सङ्ख्या धेरै भएकाले सक्रिय सङ्क्रमितको सङ्ख्या कम हुँदै गएको हो।

सोमबार दिनभरमा १८ हजार ३४६ सङ्क्रमित हुँदा २९ हजार ६३९ जना सङ्क्रमणमुक्त भएका मन्त्रालयले जनाएको छ। भारतमा अहिलेसम्म कुल सङ्क्रमणमुक्त भएकाको सङ्ख्या तीन करोड ३१ लाख ५० हजार ८८६ रहेको अधिकारीले जनाएका छन्।

भारतको चिकित्सा अनुसन्धान परिषद्‌काअनुसार कोरोना शुरु भएदेखिहालसम्म भारतमा ५७ करोड ५३ लाख जना कोरोना परीक्षण गरिएको छ। भारतमा गत जनवरी १६ तारिखबाट कोरोनाविरुद्ध खोप अभियान शुरु गरिएको हो सो समयबाट हालसम्म करिब ९१ करोड डोज खोप लगाइएको छ।

### बेलायतमा कोरोना सङ्क्रमण बढ्दै, एकै दिन ३५ हजारभन्दा बढी संक्रमित

लण्डन, १९ असोज (रासस/सिन्ह्वा)।

बेलायतमा पछिल्ला केही दिनमा कोरोना भाइरसको सङ्क्रमण झन् बढेको देखिएको छ।

यहाँका स्वास्थ्य अधिकारीले सरकारी प्रयासका बाबजुत पनि यहाँ कोरोना सङ्क्रमण दैनिकरुपमा कमी नआएको बताइएको छ।

सरकारी अधिकारीले दिएको पछिल्लो जानकारीअनुसार थप ३५ हजार ७७ एकै दिनमा सङ्क्रमित भएका छन्। बेलायतमा अहिलेसम्म कुल ७९ लाख ३४ हजार ९२५ सङ्क्रमित भएको स्वास्थ्य मन्त्रालयद्वारा जारी वक्तव्यमा उल्लेख गरिएको छ।

यहाँ पछिल्लो २४ घन्टामा कोरोना भाइरसका कारण मात्रै ३३ जनाको मृत्यु भएको अधिकारीले जानकारी दिएका छन्। योसँगै बेलायतमा अहिलेसम्म कोरोनाका कारण एक लाख ३६ हजार ९८६ जनाको मृत्यु भएको छ।

बेलायतमा कोरोनाभाइरसबाट सङ्क्रमित भएकामध्ये करिब सात हजार जना अझै पनि अस्पतालमै उपचाररत छन्। बेलायतका १६ वर्ष माथिका झण्डै ९० प्रतिशत मानिसले कोरोना भाइरसविरुद्धको खोपको पहिलो मात्रा लगाएका छन्।

त्यसैगरी करिब ८२ प्रतिशतले दुवै मात्रा खोप लगाएका पनि स्वास्थ्य मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ।

यहाँ पछिल्ला दिनमा कम्तीमा पनि ३० हजार जनामा यो महामारीको प्रकोप फैलिइरहेको देखिएको छ। यहाँका अधिकारीले बेलायतमा कोरोना भाइरसको प्रकोप बढ्दै गएको पाइएको बताएका छन्।

# पक्राउ परेका शैक्षिक माफिया झाको पेशी पैसा र शक्तिको आडमा हप्ताको तीन दिन राखियो

**दैनिक समाचारदाता**
**राजविराज, १९ असोज ।**

ठगि मुद्दामा पक्राउ परेका शैक्षिक माफिया रौतहटका संजय कुमार झाको प्रतिबेदन मुद्दालाई पैसा र शक्तिको पहुचका कारण पटक पटक अदालतले पेशी राख्दै आएको छ ।

पाटन उच्च अदालतको असोज ८ गतेको आदेश अनुसार असोज १३ गते ५ बजे सम्म कैफियत प्रतिबेदन समेत नआएको अबस्थामा पेशी तारेख राख्न नमिल्ने मुद्दालाई माथिको निर्देशनमा नै असोज १४ पेशी तारेख, त्यसपछि १७ गते र मंगलबार १९ गते राखेको छ ।

मुद्दामा सेटिंग नमिलेको कारण असोज ७ गतेको पेशी तारेखमा संजयकुमार झाको कानुन ब्यबसायीबाट स्थगित गरिएको थियो । प्रतिबेदन मुद्दाकोहकमा साप्ताहिकमा चढेपछी मात्र पेशी तारेखमा राख्न मिल्ने हुँदा आफ्नो जेठान काँग्रेसका नेता तथा सांसद अमरेश कुमार सिंहको पहुचको कारण सप्ताहमा २ पटक सम्म पेशी तारेख राखिएको छ ।

कारागारमा रहेका सयौं कैदीहरुलाई पेशी तारेख पाउन धौ धौ पर्ने गरेको तर, संसद अमरेश कुमार सिंहको पैसा र पहुँचको कारण न्यायालयमासमेत ठुलो चलखेल गरि निज झाको मुद्दाको पेशी तारेख क्रमश: असोज १४ गते, असोज १७ गते र असोज १९ गते समेत पेशी तारेख राखि थुनामुक्त गराउने योजना रहेको श्रोतको दाबी छ । जबकी प्रतिबेदन संग जोडिएको मुद्दाको हकमा हरेक सप्ताह बिहिबारको दिन मात्र पेशी तारेख राख्न पाउनु पर्ने नियम छ ।

जोर्जिया युनिभर्सिटीका संकास्पद प्रमाणपत्रको मुख्य योजनाकार तथा ठगि मुद्दामा पक्राउ परेका कलेज संचालक संजय झा थप अनुसन्धानको घेरामा पर्ने भएको हुनाले सुनियोजित रुपले जेठान अमरेश कुमार सिंहको आडमा शक्ति र पैसाको ठूलो चलखेल गरि थुनामुक्त हुने योजनामा रहेको देखिन्छ ।

यस्तो अवस्थामा ठगिएका १ सय ३२ जना विद्यार्थीहरु लगायत पीडितपक्षहरुले पाउने न्याय शंकाको घेरामा देखिदैछ ।

### *१ सय ६८...*

सङ्क्रमणमुक्त हुने दर ९६.६ प्रतिशत छ ।

सो अवधिमा छ जनाको मत्यु भएको छ । हालसम्म सङ्क्रमणबाट ११ हजार १८० जनाको मृत्यु भइसकेको छ । हाल देशभर ३३५ जना सघन उपचारकक्ष (आइसीयू), १२२ जना भेन्टिलेटर, १५ हजार ११७ जना होम आइसोलेशन, एक हजार १३१ जना संस्थागत आइसोलेशन र २३७ जना क्वारेन्टिनमा छन् ।

मंगलबार एक लाख ३२ हजार ८९६ जनाले कोभिड-१९ विरुद्धको खोप लगाएका छन् । हालसम्म ७९ लाख १३ हजार ५५५ जनाले पहिलो मात्रा र ६४ लाख नौ हजार १९६ जनाले पूर्ण मात्राको खोप लगाएका छन् ।

# सात निर्माण कम्पनी कालोसूचीमा

काठमाडौँ, १९ असोज (रासस) ।

सात निर्माण कम्पनी कालोसूचीमा परेका छन् । सम्झौतानुसार निर्माण सम्पन्न नगरेको भन्दै सार्वजनिक खरिद अनुगमन कार्यालयले मंगलबार एक सूचना जारी गरी कालोसूचीमा राखिएको जनाएको हो ।

कार्यालयले सार्वजनिक गरेको सूचनानुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा (१) बमोजिम मङ्गलरबारदेखि लागू हुनेगरी ती निर्माण कम्पनीलाई एक वर्षदेखि तीनवर्ष सम्मका लागि कालोसूचीमा राखिएको हो ।

विशालनगरस्थित सडक विभाग आयोजना निर्देशनालयको सिफारिसमा भारतको महाराष्ट्रस्थित एमएस इण्डो इञ्जिनीयरिङ प्रोजेक्ट कर्पोरेसन तीन वर्षसम्मका लागि र नागार्जुन नगरपालिकाको सिफारिसमा काठमाडौँको ल्यान्ड्रिङ निर्माण सेवा दुई वर्षसम्मका लागि कालोसूचीमा परेका छन् ।

यस्तै विपीन भेट सेन्टर, रुपन्देहीको कक्षपति निर्माण सेवा, काठमाडौँको रचना ट्रेड इन्टरनेशनल, धादिङ नीलकण्ठ निर्माण सेवा एण्ड सप्लायर्स र भरतपुरको एडभेन्चर/दि आनन्द जेभी एक/एक वर्षका लागि कालोसूचीमा परेका छन्।

कालोसूचीमा परेका कम्पनीले तोकिएको अवधिभर सरकारी निकायको कुनै पनि खरिद तथा निर्माणका कार्यमा भाग लिन पाउने छैनन् । कालोसूचीमा पर्नुभन्दा अगाडि सम्झौता भएका कार्य भने निरन्तर हुने कार्यालयले जनाएको छ ।



पशुबली विरुद्ध राजविराजमा मंगलबार निकालिएको पदयात्रा । *तस्वीर : राजविराज दैनिक*




नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit | CITY EXPRESS Money Transfer | Best Remit Quick & Easy | PRABHU Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*